**खत्याड गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति : २०७८/०३/१०

प्रस्तावनाः

खत्याड गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खत्याड गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "खत्याड गाउपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५१००५२००० (अक्षेरुपी रु एकाउन्न करोड वाउन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त खत्याड गाउपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

खत्याड गाउँपालिका

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | निशर्त अनुदान | गाउँ कार्यपालिका | १६०००/- | ९५७००/- | - | १११७००/- |
| २ | | वडा समिति अनुदान | - | - | - | - |
| ३ | | बिषयगत शाखा | | - | - | - |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| ६ | शर्शत अनुदान | गाउँ कार्यपालिका | २३३४०० /- | ०/- | - | २३३४०० /- |
| ७ | | वडा समिति | - | - | - | - |
| ८ | | बिषयगत शाखा | ० /- | ०/- | - | ० /- |
| ९ | | ऋणको सावा व्याज भुक्तानी | - | - | - | - |
| १० | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| १६ | आन्तरिक राजश्व परिचालन | गाउँ कार्यपालिका | ४००० | १९७९/- | - | ५९७९/- |
| १७ | | वडा समिति | - | - | - | - |
| १८ | | बिषयगत शाखा | - | - | - | - |
| १९ | | ऋणको सावा व्याज भुक्तानी | - | - | - | - |
| २० | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| २१ | समपुरक कोष संघ | गाउँ कार्यपालिका | १५८००/- | - | - | १५८००/- |
| | प्रदेश शशर्त अनुदान | | | १३००० /- | | १३००० /- |
| २२ | राजश्व वांढफांढ | संघिय सरकार | ७७३७३/- | | | ७७३७३/- |
| २२ | समपुरक कोष प्रदेश | गाउँ कार्यपालिका | १६०००/- | - | - | १६०००/- |
| २३ | विषेश अनुदान संघ | गाउँ कार्यपालिका | ० | २४५००/- | - | २४५००/- |
| २४ | विषेश अनुदान प्रदेश | गाउँ कार्यपालिका | ० | ३५००/- | - | ३५००/- |
| २५ | युनिसेफ Wash | गाउँ कार्यपालिका | ०/- | ४२००/- | - | ४२००/- |
| २६ | संचित कोषमा मौज्यात रकम | गाउँ कार्यपालिका | - | १७६००/- | - | १७६००/- |